# शिलबन्दी बोलपत्र आह्वान

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : ०७०।११।४)

पुल्चोक क्याम्पसको सि ब्लक भवनमा रहेको कक्षा कोठा मर्मत सम्भार गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यवसायी/मर्मतकर्ताहरुबाट मिति २०७०।११।४ देखि ०७०।१२।४ गतेसम्म शिलबन्दी बोलपत्र वा इ.बोलपत्र (e-Bidding) आह्वान गरिएको छ ।

१. बोलपत्र फाराम नेपाल बैंक लिमिटेड गाबहालमा रहेको यस क्याम्पसको चल्ती खाता नं. ६३०९ मा रु. २००० (फिर्ता नहुने) जम्मा गरेको बैंक भाउचर र लिखित निवेदन पेश गरी मिति २०७०।११।४ देखि ०७०।१२।४ गते दिनको २:०० बजेसम्म प्राप्त गर्न सकिनेछ ।

२. क्याम्पसबाट खरिद गरेको बोलपत्र फाराम भरी शिलबन्दी गरी ०७०।११।४ विहान १०:०० बजे देखि ०७०।१२।४ गते दिनको ३:०० बजेसम्म बुझाउन सकिनेछ । टेण्डर साथ जमानत वापत कूल कबोल रकमको २.५% रकम नेपाल बैंक लिमिटेड गाबहालमा रहेको यस क्याम्पसको चल्ती खाता खाता नं. ६३०९ मा धरौटी स्वरुप जम्मा गरेको बैंक भाउचर वा बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

३. निर्धारित समयभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु तथा इ.बोलपत्र मार्फत प्राप्त बोलपत्रहरु समेत ०७०।१२।५ गते दिनको १२:०० बजे टेण्डरदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस क्याम्पसमा खोलिनेछ । बोलपत्रदाताका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा कुनै वाधा हुने छैन ।

४. e-Bidding मार्फत बोलपत्र बुझाउनेहरुले बोलपत्र जमानत वापतको भाउचर वा बैंक ग्यारेण्टी, बोलपत्र दस्तुर बैंक दाखिला गरेको भाउचर र अन्य कागजातहरुको सक्कलै प्रति वा Notary Public बाट प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने भएकोले बोलपत्र खोल्दा सम्बन्धित बोलपत्रदाता वा निजका आधिकारीक प्रतिनिधि उपस्थित हुनपर्नेछ । नभएमा वा सक्कल कागजात वा प्रमाणित प्रतिलिपी प्राप्त नभएमा त्यस्तो फर्मको बोलपत्र मूल्यांकनमा समावेश गर्न कार्यालय वाध्य हुनेछैन ।

५. टेण्डर फाराम खरीद र बुझाउने कार्य पुल्चोक क्याम्पसको दर्ता चलानी शाखाबाट हुनेछ ।

६. **e-bidding मा भाग लिन चाहने बोलपत्रदाताहरुले**

क) सार्वजनिक खरिद अनुगमन कार्यालयको Portal www.bolpatra.gov.np बाट टेण्डर सम्बन्धी जानकारी प्राप्त गर्न सकिने र सोही Web मा Login गरी प्राप्त निर्देशन अनुसार गर्नुपर्नेछ ।

ख) बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु e-bidding Portal www.bolpatra.gov.np मा Scanned Copy PDF Format मा Upload गर्नुपर्नेछ । साथै बोलपत्र फाराम दस्तुर वापतको रकम यस क्याम्पसको नेपाल बैंक लिमिटेड, गा:बहाल ललितपुरमा रहेको चल्ती खाता नं. ६३०९ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ ।

७. रित नपुगी आएको वा म्याद नाघि आएको बोलपत्र उपर कारवाही गरिनेछैन ।

८. बोलपत्र सम्बन्धी विस्तृत जानकारी वा सम्पन्न गर्नुपर्ने काम सम्बन्धी जानकारीका लागि क्याम्पस प्रशासनमा सम्पर्क राख्न सकिनेछ ।


**पुल्चोक क्याम्पस**

**इन्जिनियरिङ्ग अध्ययन संस्थान,**

**पुल्चोक, ललितपुर**

**फोन नं. : ५५२१२६०**